# सामुदायिक वन र समाज रुपान्तरण

**जगन्नाथ अधिकारी**

नेपाली ग्रामीण समाजमा सामुदायिक वनको विकास तथा यसमा बढेको, राज्यको नियन्त्रणले ल्याएको यसको ह्रासोन्मुख स्थिति र पुनः यसमा बढ्दै गएको चासोको बारेमा प्रसस्त टिका टिप्पणी भइसकेका छन् । विगतका केही नीतिगत त्रुटीहरू सच्याउने क्रममा राज्यले पुनर्जीवित गरेको सामुदायिक वन अहिले नेपालको सफल कार्यक्रम मध्येमा पर्दछ । यसले नेपाललाई वाह्य संसारसँग सकारात्मक रुपमा चिनाएको छ । यो कार्यक्रमले समाज रुपान्तरणका केही उपलब्धि हासिल गरेको छ ।

## १.सांस्कृतिक रुपान्तरण

सामुदायिक वनलाई संस्कृतिको एउटा अङ्ग मान्न सकिन्छ । अहिलेको औपचारिक सामुदायिक वनभन्दा पहिले वन जंगल लगायतका प्राकृतिक स्रोतहरू समुदाय र संस्कृतिको एउटा अभिन्न भाग थिए । मानिस र वनको सम्बन्ध केवल भौतिक मात्र नभएर सांस्कृतिक तथा धार्मिक पनि थियो । वन व्यवस्थापन पनि स्थानीय पद्धति अनुरुप चल्दथ्यो । यस्तो चलनचल्तीलाई स्थानीयबासीले आन्तरिकीकरण गरेर ग्रहण गरेका थिए र यसलाई सामान्य रुपमा हेर्थे । तापनि त्यस्तो व्यवस्थापन एउटा सामन्तवादी चलन अनुसार चल्ने भएकोले त्यस चलनमा अन्तरनिहित असमानताहरू (ठूलो र सानोको भेदभाव, जातीय भेदभाव, लैङ्गिक भेदभाव, निर्णय प्रकृयामा एकदुईको पहुँच, अपारदर्शिता आदि) पनि विद्यमान थिए । तर हाल औपचारिक रुपमा आएको सामुदायिक वनमा यी समस्यालाई हटाउने प्रयास भएको छ । धेरै समय अगाडिदेखि जरा गाडेको सांस्कृतिक, आर्थिक र राजनैतिक अवस्थाले गर्दा कार्यक्रम लागू गर्दा विभिन्न समस्याहरू देखिए पनि निश्चित प्रकृयागत प्रयासहरू विकास भएबाट केही उपलब्धिहरू पनि देखा परेका छन् । यी प्रकृयाबाट क्रमशः राम्रा उपलब्धिहरू आउन सक्छन् र पहिले देखा परेका असमानताहरू हट्दै जानेछन् भन्ने विश्वास गर्न सकिन्छ ।

यस्तै प्रकारले सामुदायिक वन कार्यक्रम मार्फत समुदायमा प्रजातन्त्र र असल शासनलाई जनतामाझ व्यवहारिक बनाउने प्रशस्त सम्भावनाहरू छन जसले समाज रुपान्तरणमा ठूलो भूमिका खेल्छ । हाल क्रमशः लागू गरिँदै आएका प्रकृयाहरू जस्तै पदाधिकारीको चुनाव गर्ने, नियमित रुपमा वैठक बस्ने र छलफल गर्ने, निर्णय गर्ने र निर्णयलाई सार्वजनिक गर्ने, रेकर्ड र हिसाब राख्ने तथा यसलाई पारदर्शी गर्ने, सामुहिक निर्णयबाट वन व्यवस्थापन र अन्य विकास निर्माणका कार्यक्रम लागू गर्ने, मूल्याङ्कन र लेखाजोखा गर्ने, महिला तथा पछाडि पारीएको समूहलाई निर्णय प्रकृयामा ल्याउने प्रयासहरू आदिले गर्दा माथिका सम्भावनाहरू काल्पनिक मात्र होइनन् भन्न सकिन्छ तर यी उपलब्धि प्राप्त गर्न ठोस प्रयास पनि आवश्यक पर्दछ ताकि परिणामहरू स्वतः प्रकृयाभन्दा छिटोछरितो रुपमा देखा परुन् ।

## २. विश्वव्यापीकरण र बजार असफलताबाट पार्ने प्रभावको न्यूनीकरण

सामुदायिक वन विश्वव्यापीकरण वा बजार असफलताबाट पर्ने नकारात्मक असरहरू कम गर्ने एउटा उपाय बन्छ र बनिरहेको छ । सामुदायिक सम्पत्ति, जसमा सबैको पहुँच हुन्छ, त्यसले विश्वव्यापीकरण वा असफल बजारको विष-घटाउने औषधी को रुपमा काम गर्दछ । जस्तै गरिब परिवारले दुःख पर्दा वा पैसाको अभावमा औपचारिक स्रोतबाट औषधी किन्न नसक्दा जङ्गली जडीबुटीबाट फाइदा लिन सक्छन् । त्यस्तै अनिकाल पर्दा खोलाबाट माछा वा जङ्गलबाट केही खाद्यबस्तुहरू प्राप्त गर्न सक्छन् । सम्पूर्ण स्रोतहरू नीजि वा राष्ट्रिय स्वामित्वमा छँदा प्रतिस्पर्धामा आउन नसक्ने व्यक्ति, परिवार र समाजलाई समस्याग्रस्त समयमा जीविकाको कुनैपनि आधार नहुन सक्छ । नेपालमा आर्थिक गरिबी

अत्यधिक हुँदा पनि भोकमरीको ठूलो समस्या नहनुको एउटा प्रमुख कारण स्रोतहरूको सामुदायिक नियन्त्रण हो जुन क्रमशः कम हुँदै गएको छ । सामुदायिक वनको विस्तारले गर्दा नेपालमा मानिसहरूको सामाजिक स्रोतमा पहुँच अझै कायम देखिन्छ तर यसमा सरकारी नीतिनियम स्पष्ट, प्रवल, दिगो र अझ गरिबमुखी हुन आवश्यक छ । बेला बेलामा ल्याइएका नीतिहरू जसले उपभोक्तालाई आफ्नो अधिकारबारे निर्धक्क हुन दिएनन् त्यस्ता नीतिहरू ल्याइनु हुँदैन ।

### ३. सामाजिक पूँजी र अभियानको विकास

सामुदायिक वनले समुदायिक अभियानहरू शुरु गर्नको लागि राजनैतिक तथा सामाजिक ठाउँ उपलब्ध गराएको र प्रकारान्तरले सामाजिक पूँजीको समेत विकास गराएको छ । यी दुवै कारणले गर्दा सामुदायिक वनबारे राज्यले ल्याउन खोजेका अहितकारी नितिलाई समेत अबरोध पुऱ्याउन सकिएको छ । उदाहरणको लागि जब राज्यले सामुदायिक वनबाट बजारमा बिक्री भएको काठको ४० प्रतिशत कर लिने निर्णय गऱ्यो, तब सामुदायिक वन उपभोक्ता समूहहरूले यसको बिरोध गर्न र कानुनी उपचार खोज्न थाले जस्ले गर्दा सरकारले नीतिगत परिर्वतन गर्नुपऱ्यो । यस्तो प्रकारको जनस्तरमा गर्न सकिएको विरोधले के देखाउँछ भने सामुदायिक वनले समाजको तल्लो स्तरमा जन-सशक्तीकरणमा सहयोग पुऱ्याएको छ । यो सशक्तीकरण बाटै समाज रुपान्तरण गर्न सकिन्छ । त्यस्तै प्रकारले जब राज्य वा सरकार जनविरोधी कार्य गर्न थाल्छ त्यसको पनि विरोध गर्न सकिन्छ ।

सामुदायिक वन समूह भित्र हुने सम्वाद, छलफल र सूचना आदान-प्रदान, सहभागिता र पैरवीले गर्दा प्रजातन्त्रिक प्रणालीलाई समाजको तल्लो निकायसम्म लैजान सजिलो भएको छ । तर समाज अझै पनि तहगत भएको र जाति/जनजाति र वर्ग अनुसार विभेद रहेको कारणले गर्दा सम्वाद, छलफल र सूचनाको आदान-प्रदानमा अझै पनि पारदर्शिता छैन । यस्ता विभेदको असर सामुदायिक वनको फाइदाको वितरणमा पनि परिरहेको छ । यो विभेद हटाउन सकेमा सामुदायिक वन समूहहरूले एउटा सफल नागरिक समाजको काम गर्न सक्छन् । सामुदायिक वन समूहहरूले हालै देखाएका केही कार्यबाट उनीहरू समाज रुपान्तरणमा सहयोग गर्न सक्छन् भन्ने तथ्य प्रमाणित भएको छ । जस्तै नेपालको विभिन्न ठाउँमा माघ १९, २०६१ पछिको राजाको शासनको विरोध र लोकतान्त्रिक व्यवस्था पुनर्स्थापना गर्न उनीहरूले पनि आन्दोलन गरे । सामुदायिक वन समूहले आफ्नो अधिकार लोकतान्त्रिक व्यवस्थामा मात्र प्राप्त गर्न सजिलो पर्छ भन्ने कुराको राम्रै हेक्का राखेको देखिन्छ किनभने २०६१ माघ १९ को राजनैतिक प्रकरण पछि उनीहरूको अधिकार क्रमशः कम गर्ने नीतिहरू बनेका छन् र बन्दैछन् । जस्तै हालै बनेको एउटा नीति अनुसार प्रत्येक जिल्लामा राजनैतिक व्यक्ति र सरकारी कर्मचारीको संयोगमा जिल्ला वन समन्वय समिति (डि.एफ.सि.सि.) बनाउने निर्णय भएको छ जसले स्थानीय वन समूहको काम कारवाहीलाई नियन्त्रण गर्नेछ । वन उपभोक्ता समूहहरू यसको विरोध गरिरहेका छन् । उनीहरूमा विकास भएको सामाजिक पूँजीले गर्दा यस्तो विरोध गर्न सफलता मिलेको छ । स्थानीय वन उपभोक्ता समूहहरूको सञ्जालको विकास भएर स्थापना भएको "सामुदायिक वन उपभोक्ता महासङ्घ नेपाल" ले गर्दा पनि आन्दोलन, अभियान र पैरवी गर्नसक्ने क्षमता बढाएको हो । यसले स्थानीय अभियान, विरोध तथा अनुभवलाई संस्थागत गरी क्षेत्रीय वा राष्ट्रिय सवालको रुपमा प्रस्तुत गर्न सहज बनाएको छ ।

स्थानीय वन-उपभोक्ता समूहमा प्राप्त अधिकार र स्वतन्त्रताले गर्दा यी समूहहरूले सामाजिक तथा आर्थिक रुपान्तरण गर्न विभिन्न प्रयोगहरू गर्न सकेका छन् । ठाउँ अनुसार गर्न सकिने आर्थिक क्रियाकलाप, समावेशीकरणका अभ्यास तथा गरिबी न्यूनीकरणका कार्यक्रम लागू गर्न सकेका छन् । जस्तै सामूहिक खेती गर्न महिलाहरूलाई अधिकार दिने, गरिब परिवारलाई आर्थिक सहयोग गर्ने, सामूहिक बचत सङ्कलन गरेर सस्तो ब्याज दरमा गरिब परिवारलाई लगानी गर्ने, सामूहिक रुपमा

आवश्यक पर्ने सामाग्रीहरू (उदाहरणको लागि चाडबाडमा आवश्यक पर्ने भाडाहरू) जम्मा गर्ने, स्थानीय स्तरमा शिक्षाको व्यवस्था गर्ने आदि । यस्ता कतिपय क्रियाकलापबाट गरिब परिवारले आफै पूर्ण रुपमा फाइदा लिन नसकेको पनि देखिएको छ तापनि यी क्रियाकलाप आफैमा अनावश्यक होइनन् । अहिलेको आवश्यकता भनेको यस्ता क्रियाकलापको अभिवृद्धिको साथै यिनीहरूमा गरिबहरूको पनि पहुँच बढाउनु हो ।

**४.आर्थिक रुपान्तरण**

सामुदायिक वनले सामाजिक तथा राजनैतिक रुपान्तरणमा सहयोग पुऱ्याएको छ नै तर यसको मुख्य भूमिका आर्थिक रुपान्तरण गर्नु हो र यसै उद्देश्यले यो कार्यक्रम लागू गरिएको हो । ग्रामीण जीविकामा आवश्यक पर्ने आधारभूत वस्तुहरू जस्तै घाँस, दाउरा, सोतर आदि उपलब्ध गराउने मुख्य उद्देश्य भएतापनि सामुदायिक वनले वन स्रोतमा आधारित उद्योग व्यवसाय आदि मार्फत् आयआर्जन गर्ने अर्को उद्देश्य समेत आत्मसात् गरिएको छ । यस बाहेक वनको संरक्षणबाट प्राप्त हुने वातावरणीय सेवाहरू पनि उपलब्ध हुन सक्छन् ।

सामुदायिक वन कार्यक्रम लागू भएपछि वनको संरक्षण भएको विवरण धेरै ठाउँबाट आएको छ । यद्यपि वस्तुगत रुपमा कति वन क्षेत्र वा वनको गुणस्तर बढेको छ भन्ने तथ्य प्राप्त भएको छैन । विशेष गरी पहाडी क्षेत्र जहाँ अहिले लगभग १४,००० जति वन उपभोक्ता समूहहरू छन त्यहाँ सामुदायिक वनले संरक्षणमा सहयोग पुऱ्याएको प्रष्ट रुपमा देख्न सकिन्छ । पहिला देखिएका नाङ्गा पहाडहरू अहिले जङ्गलले ढाकेको देख्न सकिन्छ । यसरी संरक्षित वनले समुदायको आर्थिक हित त अवश्य नै गर्छ । वन संरक्षित भए पछि घाँस दाउराको उपलब्धता बढेको धेरै समुदायको अनुभव छ तर केही समुदायले वन संरक्षण गर्ने सन्दर्भमा केही समय दुःख गरेको र वन उत्पादन नलिएको उदाहरण पनि देखिएको छ । समग्रमा भन्नु पर्दा वन संरक्षण हुँदा समुदायलाई नोक्सानी भन्दा फाइदा नै बढी हुन्छ तर नेपालको सामुदायिक वन बिस्तार भए पछि परिवारमा आर्थिक वा जीवनस्तर वृद्धि (जस्तै शिक्षा, स्वास्थ्य, खाद्य-सुरक्षा आदि) के कस्तो भएको छ भन्ने जानकारी त्यति उपलब्ध छैन । त्यस्तै प्रकारले 'समुदाय' भित्र समानता नभएकोले फाइदा वितरण समान हुन नसकेको भन्ने तथ्यहरू पनि आएका छन् ।

नेपालको वन सामुदायिक स्तरबाट राम्रोसँग व्यवस्थापन भएमा समुदायहरूले नै आफ्नो विकास गर्न प्रशस्त आम्दानी गर्न सक्छन् भन्ने तर्क पनि अगाडी आएका छन् । यो विशेषतः तराई क्षेत्रमा देखिन्छ जहाँ औद्योगिक वन बनाउन सम्भव छ । यदि समुदायले आफ्नो क्षेत्रबाट आफ्नो विकास गर्न सक्छन् भने त्यहाँ राज्यले गर्न सक्ने नियन्त्रण कम हुनजान्छ । यसले गर्दा व्यक्ति वा समाजले बढि स्वतन्त्रता उपभोग गर्न पाउँछन् । सामुदायिक वनले यो मार्ग प्रसस्त गर्न सहयोग पुऱ्याएको छ र अझ पुऱ्याउन सक्छ । सामुदायिक वनको यतिधेरै योगदान हुँदाहुदै पनि सरकार वा राज्य यसप्रति सचेत भएर होला आफ्नो नियन्त्रण बढाउने नीति नियमहरू क्रमशः अंगाल्दै गएको छ । तराईको वनमा त यो प्रष्टसँग देखापर्छ जहाँ सामुदायिक वन लागू गर्न सरकार हिच्किचाइरहेको छ ।

(लेखक मार्टिन चौतारीसँग आवद्ध हुनुहुन्छ)